# B भाइरस संक्रमण

## कारक एजेन्ट

B भाइरस (जसलाई हर्पीस सिमिया भाइरस पनि भनिन्छ) हर्पीस भाइरसको एक प्रकार हो जुन सामान्यतया मकाकहरू, हङकङमा फेला पर्ने एक प्रकारको जंगली बाँदरमा पाईन्छ। B भाइरस प्राकृतिक रूपमा मकाकहरूको लार, मूत्र र मलमा हुन्छ। अधिकांश संक्रमित मकाकहरू सामान्यतया लक्षणविहीन वा हल्का रोग भएका हुन्छन्।

B भाइरसको मानव संक्रमण दुर्लभ छ, सन् 1932 देखि विश्वव्यापी रूपमा लगभग 50 जना संक्रमित भएको अभिलेख छ । मानव संक्रमण संयुक्त राज्य अमेरिका, क्यानडा, मुख्य भूमि चीन र जापानमा रिपोर्ट गरिएको छ, र मुख्यतया बाँदरको ले टोकाइ वा खरोंचको कारणले भएको थियो।

## क्लिनिकल विशेषताहरू

संक्रमित व्यक्तिहरू सुरुमा फ्लू जस्ता लक्षणहरूसँग उपस्थित हुन सक्छन्, जस्तै ज्वरो र चिसो, मांसपेशी दुख्ने, थकान र टाउको दुख्ने । त्यसपछि टोकेको वा कोतारेको स्थलमा फोडा भएको छालाको धाउ देखा पर्न सक्छ। रोग बढ्दै जाँदा, भाइरस केन्द्रीय स्नायु प्रणालीमा फैलिन सक्छ जसको परिणामस्वरूप घाउको छेउमा दुखाइ/ सुन्निने/ चिलाउने, मांसपेशी समन्वयमा समस्या, स्नायु प्रणालीमा क्षति र मृत्यु समेत हुन सक्छ ।

## प्रसारण माध्यम

मानव संक्रमण मुख्यतया संक्रमित बाँदरहरूको टोकाइ वा खरोंचको कारणले हुन्छ, जबकि मानव - देखि - मानव प्रसारण एकदमै दुर्लभ हुन्छ ।

## इन्क्युबेसन अवधि

लक्षणहरू सामान्यतया बिरामी संक्रमणको संपर्कमा आएको 1 महिना भित्र देखा पर्छन् ।

## व्यवस्थापन

मानव संक्रमणलाई व्यावसायिक चिकित्सा व्यवस्थापन आवश्यक छ।

## रोकथाम

B भाइरस प्राप्त गर्ने जोखिमलाई कम गर्न, जनताका सदस्यहरूलाई निम्न कुराहरूमा ध्यान दिन सल्लाह दिइन्छ:

1. जंगली बाँदरहरूबाट टाढा रहनुहोस् र तिनीहरूलाई छुन वा खुवाउनबाट बच्नुहोस्;
2. यदि बाँदरले गर्दा घाउहरू भएमा, धाउलाई प्रशस्तबग्ने पानीले धुनुहोस् र तुरुन्तै मेडिकल सहयोग माग्नुहोस्।

जनताका सदस्यहरूले बाँदरहरू भेट्दा के गर्ने र के नगर्ने भन्ने बारेमा थप जानकारीको लागि कृषि, मत्स्यपालन र संरक्षण विभागको वेबसाईटमा पनि हेर्न सक्छन्:
www.afcd.gov.hk/english/conservation/con_fau/con_fau_nui/con_fau_nui_str/con_fau_nui_str.html.

थप स्वास्थ्य जानकारीको लागि, कृपया

स्वास्थ्य सुरक्षा केन्द्रको वेबसाइटमा जानुहोस् www.chp.gov.hk

5 अप्रिल 2024 (5 April 2024)